जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र (District Corona Crisis Management Center, DCCMC) रामेछापद्वारा प्रकाशित

कोभिड-१९ विशेष रामेछाप जिल्ला स्तरीय प्रतिकार्य

# बुलेटिन

वर्ष १ | २०७७ जेष्ठ मसान्त | अंक ३

## भनाई

कोभिड-१९ को नियन्त्रण, रोकथाम र न्यूनीकरणको लागि **DCCMC** रामेछापको विभिन्न मितिमा बैठक बसी आवश्यकता अनुसारको निर्णय गरी कार्यान्वयनमा ल्याईएको छ । **DCCMC** को तर्फबाट जिल्लाका विभिन्न पालिकाहरुमा रहेका क्वारेन्टिन तथा आइसोलेसन स्थलहरुको अनुगमन गरी आवश्यकता देखिएमा सुधारको लागि सुझाव दिइएको छ । स्वास्थ्यकर्मी, सुरक्षाकर्मीको उपलब्धता, कोभिड-१९ संक्रमण र क्वारेन्टिनमा रहेका व्यक्तिहरुको नियमित निगरानी गर्नु पर्ने भएकोले पालिकामा धैरे स्थानमा रहेका क्वारेन्टिन र आइसोलेसनलाई केन्द्रिकृत गर्ने काम भएका छन् । संक्रमित बढ्न सक्ने सम्भावनालाई ध्यान दिई सरकारी/सामुदायिक भवन, स्कूल/कलेजमा आइसोलेसन वेड विस्तार गर्ने कार्य भएको छ ।

यस जिल्लाको खाँडादेवी गापाका १ जना, लिखु तामाकोशी गा.पा. का ६ जना, गोकुलगंगा गापाका ११ जना र मन्थली नपाका १ जना गरी जम्मा १९ जना कोभिड-१९ संक्रमित भएको पुष्टि भए पश्चात १८ जनालाई रामेछाप जिल्ला अस्पतालको आईसोलेसनमा राखि उपचार गरिएको छ ।१ जनालाई पाटन अस्पताल रेफर गरिएको छ । । **Contract Tressing** गर्ने कार्य भईरहेको छ ।

कोभिड-१९ नियन्त्रण, रोकथाम र न्यूनीकरणको लागि **DCCMC** रामेछापका विभिन्न निर्णय र गतिविधिहरु कार्यान्वयन गर्न सहयोग र समन्वय पुऱ्याउनु हुने स्थानीय तह, राजनैतिक दल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, नागरिक समाज, सञ्चारकर्मी, उद्योगी, व्यापारी, विभिन्न संघ संस्था, मानवअधिकार कर्मी लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग र समन्वय गर्ने सम्पूर्ण व्यक्ति तथा निकायहरुलाई **DCCMC** रामेछाप हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०७७/०२/२८ को निर्णय अनुसार सरकारी, गैरसरकारी, बैंक तथा वित्तीय संस्थाहरु २०७७ आषाढ १ देखि सञ्चालन गर्ने निर्णयानुसार यसबाट थप संक्रमण बढ्न सक्ने हुनाले सार्वजनिक स्थल वा कार्यालय जाँदा आपसमा दूरी कायम गर्नु हुन, आवश्यक काम नपरी यात्रा/आवतजावत नगर्नु हुन तथा आफैं सचेत भई अरुलाई पनि सचेत बनाई कोभिड-१९ को संक्रमणबाट बचाउन आगामी दिनमा समेत सहयोग, समन्वय र सहकार्यको लागि **DCCMC** रामेछाप आशा एवं विश्वास व्यक्त गर्दछ ।धन्यवाद

- रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

## जिल्ला प्रवेश नाकामा होल्डिङ्ग सेन्टर स्थापना

संक्रमित जिल्ला लगायत भारत एवं अन्य मुलुकबाट स्वदेश आउने नागरिकको लागि जिल्लाको मुख्य प्रवेश नाका सेलेघाट प्रहरी चौकी नजिकै खाँडादेवी आधारभूत विद्यालयमा ६० वेड क्षमताको Holding Center निर्माण गरिएको छ ।भारत तथा तेस्रो मुलुकबाट आउनेलाई होल्डिङ सेन्टरमा छुट्टा छुट्टै कोठामा राखी सम्बन्धित पालिकाको क्वारेन्टिनमा पठाउने व्यवस्था मिलाईएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/१२ को निर्णानुसार कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरुलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धि आदेश, २०७७ तथा नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धि कार्ययोजना, २०७७ बमोजिम मन्थली नगरपालिकाको सहयोगमा होल्डिङ सेन्टर तयार गरिएको हो । काठमाण्डौको होल्डिङ्ग सेन्टरबाट सेलेघाट र सम्बन्धित पालिका सम्म पुऱ्याउने व्यवस्था गरिएको छ ।

# जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को विविध संरचना/सम्पर्क

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापका पदाधिकारीहरुको नाम तथा सम्पर्क नम्बर

| नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|
| श्री रुद्रादेवी शर्मा | प्र.जि.अ. | ९८५४०५७७७७ |
| श्री फडिन्द्र दाहाल | जि.स.अ. | ९८५४०४०१०७ |
| श्री राजु प्रसाद पौडेल | स.प्र.जि.अ. | ९८५११७३४२६ |
| श्री गणेश सिंह भण्डारी | प्रमुख सेनानी | ९८५११३६७८० |
| श्री बसन्त पाठक | प्र.ना.उ. | ९८५४०५५५५५ |
| श्री रमेश कुमार थापा | प्र.ना.उ. | ९८४१४२३४६६ |
| श्री सुबास कार्की | प्र.अ.अ. | ९८४१९०८०९६ |
| श्री जितेन्द्र कमार कर्ण | स्वास्थ्य प्रमुख | ९८५४०४५००७ |
| डा. आनन्द प्रसाद आचार्य | चिकित्सक | ९८४९१७७०५७ |
| **सल्लाहाकार** | | |
| श्री प्रेम बहादुर खड्का | प्रमुख, जि.स.स. | ९८४०००८७३३ |
| श्री रमेश कुमार बस्नेत | नगर प्रमुख, मन्थली नपा | ९८५१०४८४५८ |

## COVID-19 सम्बन्धी रोकथाम तथा उपचारको लागि जिल्ला एवं स्थानीय तहहरुको स्वास्थ्य संयोजकहरुको सम्पर्क नम्बर

| कार्यालय | संयोजकको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| स्वास्थ्य कार्यालय | श्री जितेन्द्रकुमार कर्ण | ९८५४०४५००७ |
| जिल्ला अस्पताल | डा. आनन्द आचार्य | ९८४९१७७०५७ |
| मन्थली नपा | श्री केशव फुयाल | ९८५४०४०३४७ |
| रामेछाप नपा | श्री विष्णु कार्की | ९८५४०४३४०१ |
| लिखु तामाकोशी गापा | श्री जयप्रकाश राय | ९८४४२०१०६२ |
| सुनापति गापा | श्री प्रवल योञ्जन | ९८५११८७०८३ |
| उमाकुण्ड गापा | श्री दिपेन्द्र पैकारा | ९८५४०४००६५ |
| गोकुलगंगा गापा | श्री जागीर राय | ९८४९८५०३१५ |
| दोरम्बा गापा | श्री कमल भट्टराई | ९८४१२०८१७३ |
| खाँडादेवी गापा | श्री ओम प्रकाश श्रेष्ठ | ९८४४१४२०७५ |

## जिल्ला स्तरीय निर्देशक समिति गठन

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| प्रमुख/अध्यक्ष, नगरपालिका/गाउँपालिका | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय | सदस्य |
| प्रमुख सेनानी, नयाँ गोरख गण | सदस्य |
| प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य |
| स.प्र.ना.उ., स.प्र.ब. नेपाल | सदस्य |
| प्र.अ.अ., रा.अ.जि.का. | सदस्य |
| कार्यालय प्रमुख, स्वास्थ्य कार्यालय | सदस्य |
| डा. आनन्द प्र. आचार्य, जिल्ला अस्पताल | सदस्य |
| जि.स.अ., श्री फणिन्द्र दाहाल, जि.स.अ. | सदस्य सचिव |

## सल्लाहकार समूह

- प्रतिनिधि सभा सदस्य, माननीय सांसद श्यामकुमार श्रेष्ठ
- प्रदेश सभा सदस्य एवं आर्थिक मामीला तथा योजना मन्त्री, माननीय सांसद कैलाश प्रसाद ढुंगेल
- प्रदेश सभा सदस्य, माननीय सांसद शान्ति प्रसाद पौडेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री रिता माझी



प्रदेश सांसद माननीय शान्ति प्रसाद पौडेलज्यूको उपस्थितिमा DCCMC को बैठक बस्दै

## जिल्लास्तरीय Radip Respeonse Team (RRT)

| | |
|---|---|
| स्वास्थ्य प्रमुख श्री जितेन्द्रकुमार कर्ण, स्वास्थ्य कार्यालय | संयोजक |
| चिकित्सक डा. आनन्दप्रसाद आचार्य, जिल्ला अस्पताल | सदस्य |
| प.हे.न., श्री धन बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| खो.अ., श्री रामकृष्ण बस्नेत, स्वास्थ्य कार्यालय | सदस्य |
| उपसभापति, श्री रामविष्णु बस्नेत, नेपाल रेडक्रस सोसाइटी | सदस्य |
| स्वास्थ्य संयोजक श्री विष्णु बहादुर कार्की, रामेछाप नपा | सदस्य |
| सि.अ.हे.व.अ., श्री दिपेन्द्र नारायण श्रेष्ठ, रामेछाप अस्पताल | सदस्य |
| अ.न.मि. श्री ममता थापा, रामेछाप अस्पताल | सदस्य |
| ल्या.टे. श्री राजेश प्रसाद पाल, स्वास्थ्य कार्यालय | सदस्य-सचिव |

**Steering Committee को बैठकबाट भएको मुख्य-मुख्य निर्णयहरु**

1. एम्बुलेन्स चालक, बिरामी, बिरामी करुवा र स्वास्थ्यकर्मी सबैको बिमा सम्बन्धित पालिकाले गर्ने ।
2. सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको लागि आवश्यक यातायातको साधन सम्बन्धित पालिकाले व्यवस्था मिलाउने।
3. आर.डि.टी.टेस्ट गर्नुपर्ने अवस्थामा प्राविधिक सहयोग स्वास्थ्य कार्यालयले गर्ने गरी सो को आर्थिकभार सम्बन्धित पालिकाले व्यहोर्नु पर्ने साथै अग्र पङ्क्तिमा काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधि, राजनैतिक दल तथा उद्योग वाणिज्य संघका पदाधिकारीरु सबैको आर.डि.टी. टेस्ट स्वास्थ्य कार्यालय मार्फत गर्ने।
4. यस जिल्लाको लागि रामेछापडाँडाको बाबियाखर्कमा रहेको सास्कृतिक मा.विको भवनमा ५० वेड र मन्थलीको पोलिटेक्निकल इन्सिच्यूटको छात्रावास भवन र प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीमा ५० वेडको आइसोलेसन वार्ड बनाउने ।
5. आइसोलेसन वार्ड बनाउन मन्थली नपा, खाँडादेवी, दोरम्बा, सुनापति गा.पा.ले मन्थली न.पा.को विपद् व्यवस्थापन कोषमा र रामेछाप न.पा., उमाकुण्ड, गोकुगंगा, लिखु तामाकोशी गा.पा.ले रामेछाप न.पा.को विपद् व्यवस्थापन कोषमा प्रत्येक पालिकाले ५/५ लाख रुपयाँ रकम जम्मा गर्ने ।
6. जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा मन्थली न.पा., रामेछाप न.पा. र स्वास्थ्य प्रमुख, रहने गरी समिति गठन गर्ने साथै उक्त आइसोलेसनमा आवश्यक पर्ने चिकित्सक लगायत स्वास्थ्यकर्मीको व्यवस्थापन स्वास्थ्य कार्यालयले मिलाउने ।

## जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) को जेष्ठ महिनाको बैठकबाट भएको मुख्य-मुख्य निर्णयहरु

1. पहिलो घेरामा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, सेवाग्राहीसँग प्रत्येक्ष सम्पर्कमा रहेका कर्मचारीहरुको RDT प्रविधिबाट परीक्षण गर्ने ।
2. कोरोना संक्रमित व्यक्ति भेटिएको अवस्थामा संक्रमितको बसोबास गरेको क्षेत्रमा पूर्ण रुपमा सिल गर्ने ।
3. जिल्ला अस्पताल रामेछापमा १० वेड क्षमताको आसोलेसन वेट विस्तार गरी सञ्चालनमा ल्याउने ।
4. आयोजनाको कार्य सञ्चालन गर्दा श्रमिकहरुलाई सम्बन्धित आयोजनाले देहाय बमोजिम गर्नु पर्नेछः
   - अनिवार्य स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाउने,
   - एकै स्थानमा आवासको व्यवस्था गर्ने ।
   - श्रमिकहरुलाई कार्य स्थलमै खाना/खाजाको व्यवस्था मिलाउने।
   - आवास स्थल देखि कार्य स्थल सम्म श्रमिकहरुलाई सुरक्षित आवात जावतको व्यवस्था गर्ने ।
5. नेपाल प्रहरी र सशस्त्र प्रहरीको विभिन्न स्थानमा रहेका चेकप्वाईन्टहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।
6. अत्यावश्यक सेवा संचालन गर्ने कार्यालयहरुले समेत स्वास्थ्य सुरक्षा सम्बन्धि उपायहरुको अवलम्वन गरी सामाजिक दुरी कायम गर्दै न्यूनतम कर्मचारीहरुको उपस्थितिमा कार्य संचालन गर्ने व्यवस्था मिलाउने ।
7. जिल्ला प्रशासन कार्यालयको जानकारी र समन्वय विना कोभिड-१९ संक्रमण भएका विभिन्न जिल्लाबाट यस जिल्लामा लुकेर आउने र लुकाउने प्रवृतिलाई निषेध गरिएको छ । कसैबाट यस्तो कार्य भए गरेको पाईएमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय वा स्वास्थ्य कार्यालय र सम्बन्धित पालिकालाई जानकारी गराउनु हुन अनुरोध छ ।
8. संक्रमित जिल्लाहरुबाट यस जिल्लामा प्रवेश गरेका व्यक्तिहरुलाई अनिवार्य रुपमा सम्बन्धित जिल्लाको क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्न सबै पालिकामा अनुरोध गर्ने ।
9. जिल्लामा कुनै SARS-COV-2 संक्रमण देखिएमा स्वास्थ्य कार्यालयले Case, investigation and contact tracing team लाई स्थानीय पालिका र वडाको सहयोगमा गरी क्वारेन्टाइनमा राख्ने ।
10. SARS-COV-2 संक्रमितको प्रत्यक्ष सम्पर्कमा रहेका सबैलाई स्थानीय क्वारेन्टाइनमा राखी स्वाव संकलन गरी RDT/PCR जाँच गर्ने जिम्मेवारी जिल्ला अस्पताल रामेछापलाई दिने र प्राविधिक सहयोग स्वास्थ्य कार्यालयले गर्ने साथै आवतजावत तथा खाने बस्ने व्यवस्था सम्बन्धित पालिकालाई जिम्मेवारी दिने ।


DCCMC को बैठक

11. सम्बन्धित रोजगारदाता, आयोजना, कार्यालय, स्थानीय तह, सेवा प्रदायक प्रशासनले सामाजिक दूरी कायम गर्ने, अनिवार्य मास्क प्रयोग गर्ने, चेकजाँचको व्यवस्था गर्ने, स्यनिटाइजर वा साबुन पानीले हातधुने व्यवस्था मिलाई सेवा प्रवाहको व्यवस्था गर्ने ।
12. शव व्यवस्थापनको लागि आवश्यक पर्ने सामानहरु स्थानीय तहले व्यवस्थापन गरी तयारी अवस्थामा राख्ने। कोभिड-१९ बाट संक्रमित शव व्यवस्थापनको लागि पानीको सहतभन्दा १०० मिटर माथि पर्ने गरी रणजोर खोलामा स्थान तोक्ने र शवलाई गाडेर व्यवस्थापन गर्ने
13. भारत लगायत सीमा नाकाहरु संक्रमित फैलिएको जिल्लाबाट यस जिल्लामा प्रवेश गर्ने नागरिकको लागि यातायात व्यवस्थापन र प्रत्येक पालिकामा थप १००/१०० वटा क्वारेन्टिनको वेड क्षमता विस्तार गर्न सबै पालिकामा अनुरोध गर्ने ।
14. PCR परीक्षण गर्दा पोजेटिभ देखिएमा निजहरुसँग सम्पर्कमा आएका व्यक्तिहरुलाई स्थानीय तहसँग समन्वय गरी क्वारेन्टिनमा बसाउने व्यवस्था स्वास्थ्य कार्यालयले गर्ने ।
15. मन्थली प्राथमिक स्वास्थ्य केन्द्रको हाता भित्र १६ वटा आइसोलेसन वेड क्षमता विस्तार गर्ने र सोको लागि अनुमानित आवश्यक रकम रु. १३ लाख विनियोजनका लागि बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने ।
16. भारत लगायत कोभिड-१९ सम्बन्धि विभिन्न जिल्लाबाट सेलेघाट नाकामा आउने व्यक्तिहरुलाई होल्ड गरी सम्बन्धित पालिकामा पठाउन सेलेघाटमा होल्डिङ्ग स्थान निर्माण गर्ने ।
17. Covid-19 Friendly एम्बुलेन्सहरुलाई पालिकाको आइसोलेसन र क्वारेन्टिनमा बस्ने सम्पूर्ण व्यक्तिहरुलाई उपचारमा प्रयोग गर्नको लागि सम्बन्धित पालिकाले व्यवस्था मिलाउने र सम्बन्धित पालिकाका कोडिभ-१९ मैत्री एम्बुलेन्स चालकलाई पालिकाले कोभिड-१९ सम्बन्धि बीमाको व्यवस्था मिलाउने ।
18. स्थानीय तह, रामेछाप उद्योग बाणिज्य संघ, टोल सुधार समिति, सामुदायिक सेवा केन्द्र, नेपाल रेडक्रस सोसाइटीद्धारा सुरक्षा निकायसँगै लकडाउनको पूर्ण पालना गराउन सामाजिक दूरी कायम गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने र टोल सुधार समितिलाई परिचालन गराउन पालिकाहरुलाई अनुरोध गर्ने ।
19. कोभिड-१९ को बढ्दो संक्रमणसँग तिव्र रुपमा परीक्षण बढाउन आवश्यक भएकोले RDT र PCR किट उपलब्ध गराउन प्रदेश स्तरीय संकट व्यवस्थापन केन्द्र, सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।
25. कोभिड-१९ मा प्रयोग हुने एम्बुलेन्सको ड्राईभरहरुलाई स्वास्थ्य कार्यालयले तुरुन्त तालिमको व्यवस्था मिलाउने।
26. विदेशबाट जिल्ला फर्केर आउनेलाई नेपाल सरकारले तोकेको Holding Center देखि सम्बन्धित स्थानीय तहहरुसम्म ल्याउन आवश्यक सवारी साधानहरुको व्यवस्थापन सबै स्थानीय तहहरुले आपसी समन्वयमा तत्काल Dedicated सवारी साधनको व्यवस्थापन गर्ने ।
27. तेस्रो मुलुकबाट आउने नागरिकहरुको Paying Quarantine मा राखको लागि सम्भावित होटल र गेष्ट हाउसको सूची र सोमा उपलब्ध हुन सक्ने वेड संख्या र सोको लागि लाग्ने न्यूनतम शुल्क समेतको विवरण तयार गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाईटी, होटल व्यवसायी, उद्योग बाणिज्य संघ लगायत सदस्य रहने गरी समिति गठन गर्ने।
28. प्रत्येक पालिकामा रहेका क्वारेन्टाइनमा Disignated Health Personnel खटाउन पालिकालाई अनुरोध गर्ने । साथै Health Check up र क्वारेन्टाइनमा रहेकाहरुको विवरणहरु अभिलेख राख्ने कार्य स्वास्थ्य कार्यालयले निरन्तरता दिने ।
29. क्वारेन्टाइन/आइसोलेसनमा बसेका ५/१० दिन भएका व्यक्ति भारत लगायत संक्रमित जिल्लाबाट आएका व्यक्तिहरुको PCR जाँच गर्ने। PCR Neg. आए पनि १४ दिन सम्म क्वारेन्टाइनमा बस्ने व्यवस्था सम्बन्धि स्थानीय तहले मिलाउने।
30. स्वास्थ्य कार्यालयले सामुदायिक/नीजि अस्पताल/चिकित्सकसँग समन्वय गरी जिल्ला भित्र क्वारेन्टाइन/आइसोलेसनमा रहेका व्यक्तिलाई Protocol अनुसार PCR/RDT संकलन/जाँच गर्ने व्यवस्था मिलाउने ।
31. भारत लगायत तेस्रो मुलुकबाट नागरिक आउने क्रम रहेकोले जिल्लाको लागि १०००० थान RDT र ५००० थान VTM उपलब्ध गराउन सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने।
32. कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरुलाई Paying Quarantine मा बस्नको लागि होटल व्यवसायी संघ मन्थली रामेछापद्धारा उपलब्ध दररेट र होटलको सीट संख्या जिल्ला प्रशासन कार्यालयको वेवसाइट तथा Holding Center मा राख्ने।
33. जिल्लामा अवस्थित बैंक तथा वित्तीय संस्थाहरुले केन्द्रीय बैंकको नीति समेतलाई ध्यान दिई नियमित सेवा प्रवाहको व्यवस्था मिलाउने।
34. सबै सेवा दिने निकाय/व्यवसायीहरुले भौतिक दूरीकायम गराई अनिवार्य रुपमा साबुन पानी र स्यानीटाइजरको प्रयोग गर्ने/गराउने व्यवस्था मिलाउने । अन्यथा दूरी कायम नगरी भिडभाड भएको अवस्थामा सुरक्षाकर्मीहरुबाट बन्द समेत गराउन सकिने ।

**मिति २०७७/०२/३१ मा बसेको जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रको बैठकले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/२८ को निर्णयानुसार देहाय बमोजिम सेवा तथा कार्यहरु सञ्चालन गर्ने निर्णय गरेको छः**

विश्वव्यापी महामारीको रुपमा लिएको कोभिड-१९ को संक्रमण सम्बन्धमा संक्रमण ऐन, २०२० को दफा २ अनुसार यस जिल्ला भित्र लागू हुने गरी देहाय बमोजिम निर्णय गरियो ।

१. देहाय बमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्ने।
   क) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),
   ख) अनुमतिप्राप्त बाहेकका अन्तराष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत,
   ग) तोकिएबाहेकका अन्तराष्ट्रिय सीमा नाकाबाट हुने आवत जावत,
   घ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
   ङ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्लेलन,
   च) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल,
   छ) सार्वजनिक पुस्तकालय, सङ्ग्राहालय, चिडियाखाना,
   ज) स्पा, सैलुन तथा व्युटी पार्लर,
   झ) स्विमिङ पुल, जिमखानालगायत हेल्थ क्लब,
   ञ) सपिङ मल,
   ट) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,
   ठ) सबै प्रकारका धार्मिक तथा समाजिक स्थल,
   ड) यात्रुबाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधन समेत) ,
   ढ) रामेछाप जिल्लाको हकमा जिल्ला भित्र मात्र जोर विजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी बाहेक अन्य निजी सवारी साधनहरु,

२. सम्बन्धित निकाय/व्यवसायी/व्यक्ति/संघ संस्थाहरुले दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुन पानीले हाल धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहाय बमोजिमका सेवा र कार्यहरु नियमित रुपमा सञ्चालन गर्नेः
   क) स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिक समेत),
   ख) सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उत्पादनदेखि विक्री वितरणसम्मका सबै श्रृङ्खला),
   ग) सबै प्रकारका ढुवानी (चालक र सहचालक मात्र रहने गरी),
   घ) पैदल आवागमन,
   ङ) साइकल र मोटरसाइकल (चालक मात्र रहने गरी),
   च) जिल्ला भित्र मात्र जोर विजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सवारी साधान (चालक बाहेक थप २ जना मात्र सवार हुने),
   छ) फोहोरमैला व्यवस्थापन,
   ज) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाकसम्बन्धी सेवा,
   झ) नर्सरी र वनजन्य उद्यम,
   ञ) विकास आयोजना (निजी क्षेत्रबाट प्रवद्धितसमेत) ,
   ट) निर्माण कार्य (निजी समेत),
   ठ) नदी तथा खनीजजन्य पदार्थ उत्खनन्, सङ्कलन, ढुवानी र विक्री वितरण
   ड) रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा,
   ढ) क्वारेन्टिनका लागि तोकिएको होटल र यातायातका साधन,

३. अत्यावश्यक खाद्यान्न, तरकारी, फलफूल, दुध, डेरी, पसलहरु विहान ६:०० बजे देखि दिउँसो १:०० बजे सम्म सञ्चालन गर्ने ।

४. उल्लेखित सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धित निकाय, व्यवसायी, संघ, संस्थाहरुले विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारबाट निर्देशित जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गर्ने/गराउने ।

५. अन्तर जिल्ला र उपत्यका प्रवेशको लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी पास लिएर मात्र यात्रा गर्ने

६. स्वास्थ्यकर्मी, डाक्टरको उपलब्धताको आधारमा जिल्ला स्तरमा राख्नु पर्ने आइसोलेसनको संख्या सहितको **Plan** जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला अस्पताल रामेछापले २०७७/०२/३२ को समन्वय बैठकमा पेश गर्ने ।

७. व्यक्तिगत सुरक्षा सामाग्री **(PPE)** अत्यावश्यक तोकिएको प्रयोजन र संक्रमित व्यक्तिको उपचार, शव व्यवस्थापनमा प्रयोग गर्न आवश्यक भएकोले सबै पालिकामा रहेका सामाग्री सुरक्षित आवस्थामा राख्ने र थप खरिद गर्न सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

८. विदेशबाट स्वदेश फर्किने नागरिकको लागि काठमाण्डौ **Holding** स्थानबाट रामेछाप सेलेघाटको **Holding.** स्थानसम्म ल्याउनको लागि हाल रामेछाप नगरपालिकामा रहेको बा.१२ च ५५५५ नम्बरको एम्बुलेन्सलाई अर्को व्यवस्था नभए सम्म **Dedicated** खटाउने र सेलेघाटबाट सम्बन्धित पालिकासम्म पालिकाले पुऱ्याउने ।

९. उल्लेखित व्यवस्थाहरु तत्काल प्रारम्भ भई अर्को निर्णय नभएसम्म जारी रहने छ ।

## RDT/PCR परीक्षण

| स्थानिय तह | आर.डि.टी.परिक्षण | | | | पि.सि.आर.परिक्षण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | जम्मा | रिपोर्ट | म. | पु. | जम्मा | रिपोर्ट | |
| जिल्ला अस्पताल | १ | ३५ | ३६ | 31-v/5 +v | ९ | २० | २९ | Negative | |
| मन्थली नगरपालिका | ६८ | २५६ | ३२४ | -v | २ | ३६ | ३८ | Negative | १ पु. +v |
| रामेछाप नगरपालिका | १९ | ११३ | १३२ | -v | ३ | २३ | २६ | Negative | |
| उमाकुण्ड गाउँपालिका | १२ | ६२ | ७४ | -v | २ | २२ | २४ | Negative | |
| खाँडादेवी गाउँपालिका | १८ | ७० | ८८ | -v | ४ | १५ | १९ | Negative | |
| गोकुलगंगा गाउँपालिका | १७ | ५४ | ७१ | 70-v/1 +v | १ | १० | ११ | Negative | ११ पु. +v |
| लिखु तामाकोशी गा.पा. | ३ | ८ | ११ | -v | १६ | ४० | ५६ | Negative | ७ पु. +v |
| दोरम्बा गाउँपालिका | ६ | ११ | १७ | -v | ० | १२ | १२ | Negative | |
| सुनापति गाउँपालिका | ३५ | १०० | १३५ | 134-v/1+v | १ | ६ | ६ | Negative | |
| जम्मा | १७९ | ७०९ | ८८८ | | ३८ | १८४ | २२१ | | |



स्वाव संकलन गर्दै

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रामेछापका कार्यहरु

जिल्ला भित्र हाल सञ्चालनमा रहेका क्वारेन्टिन, आइसोलेसन कक्षमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रद्धारा रोग प्रतिरोधात्मक क्षमता बढाउने आयुर्वेद औषधी वितरण तथा तनाव व्यवस्थापनका लागि योग कार्यक्रम सञ्चालन गरिएको छ ।

**१. रामेछाप जिल्ला अस्पतालको आईसोलेसन सेन्टर**

- सेवाग्राही संख्याः २४ (COVID Positive १७, स्वास्थ्यकर्मी ७)
- वितरित औषधीः- च्यवनप्राश, अश्वगन्धा चूर्ण, गुडुची चूर्ण, आमलकी चूर्ण

**२. क्वारेन्टाईन सेन्टर**

- गौरीशंकर क्याम्पस तथा वालमन्दिर
- नबदर्शन मा.वि.तिल्पुङ,कटहरे
- झट्टेश्वर मा.वि. धोवि वजार
- मन्थली मा.वि. मन्थली
- सेवाग्राही संख्याः १३४ (सेवाग्राही ७२, जनप्रतिनिधि/स्वास्थ्यकर्मी/सुरक्षाकर्मी ६२)
- वितरित औषधीः- मेगामाल्ट, अश्वगन्धा चूर्ण, गुडुची चूर्ण, आमलकी चूर्ण

**३. कुल जम्मा सेवाग्राहीः १५८ जना**






दूरी कायम गरी आयूर्वेदिक औषधी वितरण गर्दै



माननीय शान्ति प्रसाद पौडेलज्यू तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीद्धारा सेलेघाटमा निर्माण गरिएको होल्डिङ्ग सेन्टर अनुगमन



## क्वारेन्टिनको अवस्था

जिल्ला स्थित ८ वटै स्थानीय तहका ४५ स्थानमा ४२१ वटा वेड क्षमताका क्वारेन्टाइन स्थलहरु निर्माण गरिएको छ । आवश्यकता परेमा थप वेड क्षमता विस्तार गर्न सकिने भएको छ । हालसम्म स्थानीय तहगत क्वारेन्टाइन संख्या र क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र. स. | स्थानीय तह | वेड संख्या | भारतबाट भित्रिएका संख्या | | | क्वारेन्टाइनमा बसेको संख्या | | | क्वारेन्टाइनबाट फिर्ता संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| १. | मन्थली नगरपालिका | ९६ | ० | ४४ | ४४ | ० | ४४ | ४४ | ० | ३४ | ३४ | |
| २. | रामेछाप नगरपालिका | १०० | १ | ४५ | ४६ | ५ | ५२ | ५७ | ५ | २३ | २८ | |
| ३. | उमाकुण्ड गाउँपालिका | ५३ | ० | २ | २ | २ | ३२ | ३४ | २ | २३ | २५ | |
| ४. | खाँडादेवी गाउँपालिका | ४७ | ० | ६ | ६ | ० | २ | २ | ० | ४ | ४ | |
| ५. | गोकुलगंगा गाउँपालिका | ३४ | ० | २२ | २२ | ० | १९ | १९ | ० | ३ | ३ | |
| ६. | लिखु तामाकोशि गा.पा. | ४९ | ३ | ३८ | ४१ | ८ | ५१ | ५९ | ५ | २४ | २९ | |
| ७. | दोरम्बा गाउँपालिका | १६ | ० | १० | १० | ० | १० | १० | ० | ९ | ९ | |
| ८. | सुनापति गाउँपालिका | २६ | ० | ३ | ३ | १ | ८ | ९ | १ | ७ | ८ | |
| जम्मा | | ४२१ | ४ | १७० | १७४ | १६ | २१८ | २३४ | १३ | १२७ | १४० | |

श्रोतः सम्बन्धित पालिका

## स्थानीय तहगत रुपमा तयार गरिएका आइसोलेसन वेडहरुको विवरण

| स्थानीय तह | स्थान | वेड संख्या |
|---|---|---|
| रामेछाप नगपालिका | जिल्ला अस्पताल, रामेछाप | १८ |
| | साँघुटार स्वास्थ्य चौकी | ३ |
| मन्थली नगरपालिका | तामाकोशी अस्पतालमा | १४ |
| | रामेछाप सामुदायिक अस्पतालमा | ४ |
| | मन्थली प्रा.स्वा.के मन्थली | ४ |
| सुनापति गाउँपालिका | गुन्सी स्वास्थ्य चौकी | ३ |
| | बेथान स्वास्थ्य चौकी | ३ |
| खाँडादेवी गाउँपालिका | राकाथुम स्वास्थ्य चौकी | १ |
| | मझुवा स्वास्थ्य चौकी | २ |
| | भिरपानी स्वास्थ्य चौकी | २ |
| | पकरवास स्वास्थ्य चौकी | २ |
| | माकादुम स्वास्थ्य चौकी | ४ |
| दोरम्बा गाउँपालिका | दोरम्बा स्वास्थ्य चौकी | ७ |
| गोकुलगंगा गाउँपालिका | चुचुरे वडा न १ | ५ |
| लिखु तामाकोशी गापा | विजुलिकोट | ३ |
| जम्मा | | ७५ |







*रामेछाप जिल्ला अस्पतालमा महिला तथा पुरुषको लागि छुट्टाछुट्टै आइसोलेसन कक्ष*

**टोल फ्रि नं. १६६०४८५४११४**
**स्वास्थ्य कार्यालय, रामेछाप**

**घरमानै बसौं कोरोना भाइरसबाट आफू बचौं र अरुलाई पनि बचाऔं।**

## स्थानीय तहहरुको प्रमुख/अध्यक्षहरुको नामावली एवं सम्पर्क नम्बरहरु

| नपा/गापा | पद | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| मन्थली नगरपालिका | प्रमुख | श्री रमेश कुमार बस्नेत | ९८५१०४८४५८ |
| रामेछाप नगरपालिका | प्रमुख | श्री नर बहादुर थापा मगर | ९८५११९३८०२ |
| उमाकुण्ड गाउँपालिका | अध्यक्ष | श्री शेर ब. सुनुवार | ९८४३०८१८५१ |
| गोकुलगंगा गाउँपालिका | अध्यक्ष | श्री खड्क सुनुवार | ९८५११७१३२५ |
| लिखुतामाकोशी गाउँपालिका | अध्यक्ष | श्री गोबिन्द बहादुर खड्का | ९८५१०९७७३९ |
| दोरम्बा गाउँपालिका | अध्यक्ष | श्री कमान सिंह तामाङ | ९८५४०४३९६९ |
| सुनापति गाउँपालिका | अध्यक्ष | श्री धावा लामा | ९८५४०४००४० |
| खाँडादेबी गाउँपालिका | अध्यक्ष | श्री प्रेम ब. तामाङ | ९८५४०४०१६८ |



*श्रमिकलाई घर पठाउँदै प्र.ना.उ. बसन्त पाठक*

## मन्थली नगरपालिकाले शव व्यवस्थापन स्थान

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमित संख्या बढ्दै जाँदा अप्रिय मानवीय क्षति हुन सक्ने सम्भावना विद्यमान छ । यदि कोभिड-१९ को कारणले कुनै व्यक्तिको मृत्यु भएमा मृतकको शवलाई व्यवस्थापन गर्न मन्थली नगरपालिकाद्वारा रणजोरखोलाको दोभानलाई तोकिएको छ । तामाकोशी नदीको पानी दुषित नहुने गरी शव व्यवस्थापन गरिने छ । अन्य पालिकाहरुलाई शव वहान पुग्ने, स्काभेटर पुग्ने उपयुक्त स्थान तोकिपठाउन अनुरोध गरिएको छ ।

## श्रमिकहरुलाई घर फिर्ता

कोभिड-१९ को महामारीका कारण बन्दाबन्दी हुँदा यस जिल्ला बाहेक र छिमेकी मित्र राष्ट्र भारतका विभिन्न विकास निर्माण, योजना/आयोजनाहरुमा कार्यरत नागरिकहरुलाई सम्बन्धित जिल्लासँग समन्वय गरी घर फिर्ता पठाईएको छ ।

**विवरण**

| क्र.स. | स्थायी बसोबास स्थान | संख्या |
|---|---|---|
| १. | पश्चिम बंगाल, भारत | ६६ |
| २. | हमाञ्चल प्रदेश, भारत | ७ |
| जम्मा | | ७३ |

## कोभिड-१९ सम्बन्धि जेष्ठ महिनामा बसेको विभिन्न बैठकहरु

१. जिल्ला सुरक्षा समितिको बैठक ४ वटा
२. जिल्ला स्तरीय Crisis Management Center को बैठक ८ वटा
३. Paying Quarantine को व्यवस्था सम्बन्धि बैठक १ वटा
४. **Steering Committee** को बैठक १ वटा
६. अन्य सरोकारवालाहरुसँगको बैठक नियमित भै रहेको

**सरकारी, गैर सरकारी, निजी, बैंक तथा वित्तीय संस्था, सहकारी लगायत उद्योग, व्यापार, व्यवसाय, आयोजना निर्माणमा आवद्ध निकायहरुले कार्य सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाको पूर्ण पालना गर्ने/गराउने व्यवस्था मिलाउनु हुन अनुरोध गरिन्छ।**

## एम्बुलेन्स चालकलाई अभिमुखिकरण र शव व्यवस्थापनको डेमो प्रदर्शन

कोभिड-१९ को संक्रमणबाट सावधानी अपनाउनु आजको आवश्यकता हो । बन्दाबन्दीले गर्दा अन्य सवारी साधन प्राप्त मात्रामा चलिरहेको छैन । जुन सुकै विरामीहरु एम्बुलेन्समा लैजानु पर्ने अवस्था छ । कोभिड-१९ को विरामी पनि देखिन थालि सकेको छ । उक्त विरामीलाई क्वारेन्टिन वा आसोलेसनमा लैजादा एम्बुलेन्सको नै प्रयोग गरिएको छ । PCR परीक्षणमा पोजेटिभ देखिएका विरामीलाई आइसोलेसनमा लैजाँदा एम्बुलेन्स चालकमा संक्रमण नफैलियोग भनेर जिल्ला प्रशासन कार्यालयको समन्वय तथा नेपाली सेना र स्वास्थ्यकर्मीको सहयोगमा एम्बुलेन्स चालकहरुलाई PPE सेट लगाउने तरीका सहितको अभिमुखिकरण दिइएको छ । त्यसै गरी जिल्ला अस्पताल रामेछाप र नयाँ गोरख गण रामेछापको समन्वयमा कोरोना संक्रमित व्यक्तिको शव व्यवस्थापन सम्बन्धि डेमो प्रदर्शन भएको छ ।



डेमो प्रदर्शन

## जिल्लामा तयारी अवस्थामा रहेका एम्बुलेन्स विवरण

| स्थानीय तह | एम्बुलेन्स नं. | सम्पर्क नं. | निकाय |
|---|---|---|---|
| रामेछाप नगपालिका | बा. २ झ १७५२ | ९७४४०१६३४० | श्री जिल्ला अस्पताल रामेछाप |
| | बा. ११ च. ९८९९ | ९८४१४७०७१९ | श्री गोठगाउँ स्वास्थ्य चौकी |
| | बा. १९ च. ३९२४ | ९८६१९९३६५१ | श्री साँघुटार स्वास्थ्य चौकी |
| | बा. २ झ ४४२२ | ९८४०६०८२५८ | श्री रामेछाप नगरपालिका |
| मन्थली नगपालिका | बा. १० च. ४४४२ | ९८५४०४०१२८ | श्री रेडक्रस सोसाईटी मन्थली |
| | बा. १३ च. ५४८८ | ९८४४२४२१३६ | श्री तामाकोसी अस्पताल |
| | प्रदेश-३-०१-०२३ च ०४०२ | ९८६०६९८४७४ | श्री मन्थली नगरपालिका |
| | बा. १९ च. ३९१९ | ९८६९४१७१२६ | श्री गेलु चनखु संचालक समिति |
| | बा. २ झ ४४६२ | ९८६१३७७२३२ | श्री गेलु प्राथमिक स्वास्थ्य केन्द्र |
| | प्रदेश-३-०१-००२ झ ४९४४ | ९८४१७५२०५५ | फुलासी स्वास्थ्य चौकी |
| | बा. १९ च.३९२३ | ९८४४१४१६२९ | श्री दोरम्बा डडुवा फुलासी एम्बुलेन्स संचालक समिति |
| खाँडादेवी गाउँपालिका | प्रदेश-३-००२-५०३८ | ९८६३५२६८१९ | खाँडादेवी विकास कोष |
| गोकुलगंगा गाउँपालिका | बा १९ च २८३ | ९८४८९३४५५० | चुचुरे स्वास्थ्य चौकी |
| | बा. २ झ १०५७ | ९८६०५४९४२७ | श्री बेताली स्वास्थ्य चौकी |
| उमाकुण्ड गाउँपालिका | ज. १ झ. ४१२ | ९८६४३३४०७७ | श्री गुम्देल स्वास्थ चौकी |
| | ज. १ च. १६६९ | ९८४५१६६७१२ | श्री बाम्ती स्वास्थ्य चौकी |
| | ज. १ झ ४१४ | ९८१३८६२८३० | प्रिति स्वास्थ्य चौकी |
| | बा. १९ च ३९२० | ९८४६७७१०६४ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| लिखु तामाकोसी गाउँपालिका | बा. १० च ४४४४ | ९८६०१५८३०९ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| | बा. २ झ ४०१६ | ९८४८८५७७९४ | श्री लिखु तामाकोसी गाउँपालिका |
| | | ९८४३४९१४३३ | |
| | बा. २ झ ४०१५ | ९८६०७१९१३७ | |
| | | ९८६११८६९७९ | |

## COVID-19 Friendly एम्बुलेन्स

| निकाय | एम्बुलेन्स नं. | चालकको सम्पर्क नं. |
|---|---|---|
| जिल्ला अस्पताल | बा २ झ १७५२ | ९७४४०१६३४० |
| नेपाल रेडक्रस सोसाईटी | बा १० च ४४४२ | ९८६४००७२८० |
| मन्थली नगरपालिका (प्राथमिक स्वास्थ्य केन्द्र गेलू) | बा २ झ ४४६२ | ९८६१३७७२३२ |
| रामेछाप नगरपालिका | बा १२ च ५५५५ | ९८६०४४११२५ |
| रामेछाप नगरपालिका | ज १ च १०५१ | ९७४४०५९७९४ |
| सुनापति गाउँपालिका (स्वास्थ्य चौकी) | बा २ झ ६७६ | ९८१३५३६९७७ |
| खाँडादेवी गाउँपालिका | बा १९ च ३९२२ | ९८४९७५६७४९ |
| उमाकुण्ड गाउँपालिका (गुम्देल स्वास्थ्य चौकी) | ज १ झ ४१२ | ९८६४३३४०७७ |
| दोरम्बा गाउँपालिका | बा २ झ ४२७५ | ९८४९४४१९८२ |
| गोकुलगंगा गाउँपालिका (रस्नालु स्वास्थ्य चौकी) | ज १ झ ४१३ | ९८६३९१३८८७ |
| लिखु तामाकोसी गाउँपालिका | बा २ झ ४०१५ | ९८६११८६९७९ |




*COVID-19 Friendly एम्बुलेन्स*

**विश्व व्यापी रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं । सामाजिक दूरी कायम गरी आफू र आफ्नो परिवार, समुदाय र राष्ट्रलाई बचाऔं।**

## बजार अनुगमन

महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारणले लकडाउन गरेको अवस्थामा जिल्ला प्रशासन कार्यालय रामेछापको समन्वयमा जिल्ला स्थित रामेछाप नगरपालिकाको रामेछाप बजार, साँघुटार बजार तथा लिखु तामाकोशी गाउँपालिकाको धोवी, सिरिसे, ढाँडे र रातामाटा गरी ३५ वटा खाद्यान्न, फलफूल, तरकारी लगायतका अन्य अत्यावश्यक पसलहरु अनुगमन गरिएको छ । अनुगमनको क्रममा म्याद नाघेका खाद्य बस्तुहरुलाई जफत गरी तत्काल नष्ट गरिएको छ । विभिन्न होटलहरुमा विक्री वितरणको लागि राखिएको २१० लिटर घरेलु मदिरा समेत जफत गरी नष्ट गरिएको छ ।

लकडाउनको अवधिमा खाद्यान्न लगायतका अत्यावश्यक ढुवानी नियमित रुपमा भई रहेको हुँदा अत्यावश्यक सामाग्रीहरुको अभाव देखाई मूल्यवृद्धि गरी कालोबाजारी गर्ने, लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने र आपूर्तिमा अवरोध गर्ने जस्ता अवान्छित क्रियाकलापहरु नगर्न अनुगमन समितिले निर्देशन दिएको छ ।



बजार अनुगमन गर्दै

## उद्योग बाणिज्य संघको गतिविधि


जिल्लालाई आवश्यक पर्ने अत्यावश्यक खाद्यान्न, दाता, हार्डवयर लगायतका सामाग्री ढुवानीको लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी सिफारिस गर्दै आएको छ । लकडाउनको समयमा अत्यावश्यक सामाग्री ढुवानी गर्ने र विक्री गर्ने व्यक्तिहरुलाई RDT/PCR परीक्षण गर्न जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालयसँग समन्वय गरी परीक्षण गर्ने कार्यमा पहल गरिएको छ ।

## लक्ष्मी आयल स्टोर शिल

लक्ष्मी आयल स्टोर्सले पेट्रोलियम पदार्थ विक्री वितरण गर्दा कम गुणस्तर तथा मिसावटयुक्त पेट्रोल विक्री वितरण गरेको भन्ने व्यापक नागरिकको गुनासो भएपछि जिल्ला प्रशासन कार्यालय रामेछापको अगुवाईमा अनुगमन गरी उल्लेखित पेट्रोल पम्प शिल गरिएको छ। पेट्रोलको नमुना बाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागमा परीक्षणको लागि पठाईएको छ ।



*लक्ष्मी आयल स्टोर सिल्ड गर्दै*



### उपत्यका तथा अन्य जिल्ला प्रवेशका लागि जिल्ला प्रशासन कार्यालय रामेछापको सवारी पास सम्बन्धी सूचना !

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/२८ गतेको निर्णय तथा गृह मन्त्रालयको विभिन्न मितिमा प्राप्त परिपत्र अनुसार उपत्यका प्रवेश गर्न तथा अन्य जिल्ला प्रवेशका लागि देहायका प्रक्रियाहरु पूरा भएको खण्डमा मात्र यस कार्यालयबाट सवारी पास जारी हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

देहायः

यस जिल्लाबाट बाहिर जिल्ला जानेहरुको लागिः

उपत्यका प्रवेशको हकमाः

- काठमाण्डौ उपत्यकाको जुन पालिकामा बसोबास गर्ने हो, सोही पालिका/सम्बन्धित वडाले प्रवेशका लागि दिएको सहमति पत्र सहित जानुपर्ने पुष्ट्याई हुने कागजात सहित निवेदन पेश गर्ने, निवेदन सम्पर्क नं. सहित daoramechhap@gmail.com मा पेश गर्न पनि सकिनेछ ।
- निवेदन प्राप्त भए पश्चात सम्बन्धित व्यक्ति जाने जिल्ला प्रशासन कार्यालयबाट सहमति माग गरी सहमति प्राप्त भए पश्चात मात्र यस कार्यालयबाट स्वीकृतिका लागि गृह मन्त्रालयमा अनुरोध गरिने ।
- गृह मन्त्रालयबाट स्वीकृती नम्बर प्राप्त भए पश्चात यस कार्यालयबाट काठमाण्डौ उपत्यका प्रवेश गर्ने सवारी पास जारी गरिने।

*उपत्यका प्रवेशलाई कडाई गरिएकोले अनावश्यक रुपमा सवारी पास माग नगर्नु हुन अनुरोध छ साथै जिल्ला प्रशासन कार्यालय रामेछापको सम्पर्क नं. ०४८-५४०३३०, ९८४४२८४५३६, ९८४१३४७५२१, ९८४१४३११०२ मा सम्पर्क गरेर मात्र आउनु हुन अनुरोध छ ।*

उपत्यका भन्दा बाहेक अन्य जिल्ला जानेको हकमाः

- जुन जिल्ला जानुपर्ने हो जानुपरेको पुष्टयाई खुल्ने कागजात सहित निवेदन पेश गर्ने ।
- निवेदन प्राप्त भए पश्चात सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सहमतिका लागि पठाइने र सहमति प्राप्त भए पश्चात मात्र यस कार्यालयबाट उक्त जिल्लामा जानको लागि सवारी पास जारी गरिने ।

बाहिरी जिल्लाबाट यस जिल्लामा आउनेहरुको हकमाः

अन्यत्र जिल्लाहरुबाट यस जिल्लामा आउने यात्रुको लागि जोखिमको अवस्था र यात्रुको संख्या समेतलाई विचार गरी क्वारेन्टाइनमा राख्नु पर्ने देखिए सम्बन्धित पालिकाको क्वारेन्टाइनमा राख्ने प्रतिबद्धता पत्र प्राप्त भएपछि र अन्यको हकमा औचित्य पुष्टि भएमा सहमति प्रदान गरिने ।

*यस जिल्लामा पास जारी गर्नु पूर्व बाहिरी सबै जिल्लाहरुले यस जिल्लाको सहमति पश्चात मात्र पास जारी गर्नुहुन अनुरोध छ ।*

रामेछाप भित्रको हकमाः

- मोटरसाईकलमा चालक मात्र र निजी सवारी साधनमा चालक बाहेक २ (दुई) जना मात्र बस्ने गरी जोर बिजोर प्रणाली अनुरुप सवारी चलाउन पाईने छ ।

देहाय बमोजिमको अत्यावश्यक कार्यका लागि पुष्ट्याई हुने कागजातको आधारमा जिल्लाले पास जारी गर्नेछ ।

- आफ्नै काजकिरिया बस्न जाने र फर्कने व्यक्ति ।
- अस्पतालबाट रेफर गरिएका सिकिस्त बिरामी, चालक र कुरुवा १ जना सहित ३ जना मात्र ।
- काठमाण्डौ उपत्यकामा सरुवा भई रमाना लिई हाजिर हुन जाने कर्मचारी ।
- औषधि तथा राहत सामाग्री ढुवानी गर्ने प्रयोजनमा चालक सहित बढीमा २ जना मात्र ।

राजु प्रसाद पौडेल
स.प्र.जि.अ.

## आयोजना अनुगमन

बन्दाबन्दीको समयमा बन्द भएका ठूला आयोजना नेपाल सरकारले निश्चित मापदण्डको आधारमा सञ्चालन गर्ने निर्णय गरेपछि सञ्चालन भएका आयोजनामा तराई लगायतका जिल्लाबाट निर्माण सामाग्रीको ढुवानी, कामदारहरुको आवत जावतलाई लिएर समुदायमा गुनासा देखिए पछि जिल्ला सुरक्षा समितिका पदाधिकारीबाट लिख-३ जलविद्युत आयोजनाको अनुगमन गरिएको छ । आगामी २०७८ मंसिरमा सम्पन्न हुने आयोजनाको ४५/५० प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ । आयोजनाका संरचना समुदाय भन्दा टाढा भएकोले जोखिम नभएतापनि नेपाल सरकारले तोकेका मापदण्ड अनुरुप सञ्चालन गरी निर्धारित अवधिमा आयोजनाका कार्यहरु सम्पन्न गर्न निर्देशन गरिएको छ ।





*निर्माणिधिन जलविद्युत आयोजना अनुगमन गर्दै प्र.जि.अ. रुद्रादेवी शर्मा*





*प्र.जि.अ. श्री रुद्रादेवी शर्मा लगायत सुरक्षा निकायका प्रमुख सहितको टोलीबाट लिखुतामाकोशी गाउँपालिकामा रहेको क्वारेन्टिन अनुगमन गर्दै*

## DCCMC द्वारा अनुगमन

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ रोगबाट यस जिल्लामा पनि देखा पर्न थालेका छन् । भारत लगायत अन्य मुलुकबाट नागरिकहरु घर फर्कने क्रम दिनानु दिन बढी रहेको छ । संक्रमित जिल्ला तथा अन्य स्थानबाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरुलाई क्वारेन्टिनमा राख्ने व्यवस्था गरिएको छ । लिखु तामाकोशी गाउँपालिकाका विभिन्न वडाहरुमा बनेको क्वारेन्टिन र आइसोलेसन वडाहरुको DCCMC र मानव अधिकारकर्मी तथा सञ्चारकर्मीबाट निरीक्षण गरिएको छ ।

विदेशबाट आउने नागरिकको अवस्था पालिकाबाट भएका गतिविधि विकास निर्माणको अवस्थाका बारेमा छलफल गरिएको थियो ।

विभिन्न वडाहरुमा रहेको क्वारेन्टिनहरुलाई स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको नियमित निगरानीको हिसाबले पालिका केन्द्रीत गर्न सुझाव दिएको छ ।

**कार्यालय वा सार्वजनिक स्थलमा जाँदा आपसमा दुरी कायम गरौं,**
**अनिवार्य मास्कको प्रयोग गरौं, समय समयमा साबुन पानी वा स्यानीटाइजरले हात धुने गरौं ।**
**अत्यावश्यक काम नपरी आवतजावत नगरौं, कोरोना संक्रमण हुनबाट आफूँ पनि बचौं र अरुलाई पनि बचाऔं ।**

## नेपाली सेनाद्वारा गरिएका कार्यहरु

हाल विश्वभर फैलिरहेको कोभिड-१९ को सन्दर्भमा नेपाल सरकारको निर्णय अनुसार तेस्रो मुलुकबाट हवाई मार्ग हुँदै नेपाल भित्रने नेपालीहरुलाई काठमाण्डौ स्थित होल्डिङ्ग एरियाबाट प्रदेश होल्डिङ्ग एरिया र प्रदेश होल्डिङ्ग एरियाबाट सम्बन्धित जिल्ला र पालिकामा उद्धार गरि क्वारेन्टाईनमा राख्ने योजना अनुसार जिल्ला स्थित DCCMC र यस गणको संयुक्त प्रयासमा काठमाडौं होल्डिङ्ग एरियाबाट २ महिलालाई यस जिल्ला स्थित सेलेघाट होल्डिङ्ग एरियामा राखिएको साथै कुवेतबाट आएका अन्य २ जना पुरुषलाई समन्वय गरि भक्तपुर तथा ललितपुर क्वारेन्टाईनमा राखिएको छ ।




COVID-19 Friendly सवारी साधन तयार गर्दै नेपाली सेना

## सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म रामेछापद्धारा लकडाउनमा गरिएका कार्यहरु

- लकडाउनको दौरानमा व्यापक मात्रामा मन्थली नगरपालिका, जिल्लामा प्रवेश गर्ने मुख्य नाकाहरु, क्वारेन्टिन रहेको स्थानहरुमा पैदल गस्ती लगायत मोवाइल गस्तीद्धारा सुरक्षा ड्युटिमा खटिई चेकजाँच, सुरक्षा चेक पोष्टको स्थापना गरी सवारी पासहरुको जाँच एवं सवारी साधनको नियन्त्रण र कोभिड-१९ सम्बन्धि जनचेतना फैलाउने कार्यहरु समेत गरेको छ।
- यस गुल्मद्धारा स्थापित खैरेनीघाट स्थित अस्थायी चेक प्वाइन्ट जहाँ सिन्धुली जिल्लाबाट रामेछाप जिल्लाको सुनापति गाउँपालिका प्रवेश गर्ने साना तथा ठूला सवारी साधनहरु दैनिक रुपमा सैंयौको संख्यामा जिल्ला भित्र भित्रिन्छन् । उक्त स्थानमा सशस्त्र प्रहरी बल नेपालको टोली खटिए पश्चात सतप्रतिशत लकडाउनलाई उल्लंघन हुन दिएको छैन ।
- उपरोक्त ड्युटीहरुमा खटिनुका साथै सवारी दुर्घटना, विपद्मा उद्धार, बन्द हड्ताल, विरोधका कार्यक्रमहरु आदीमा समेत प्रभावकारी ढंगबाट खटिएको छ ।
- सिमित श्रोत साधन र जनशक्तिको बावजुत पनि जिल्लाका जुनसुकै स्थानमा सवारी साधन/पैदल गस्ति द्धारा समग्र जिल्लाको शान्ति सुरक्षा कायम गर्न अहोरात्र खटिई कार्य सम्पादन गर्दै आई रहेको छ ।



रामेछाप र सिन्धुली जिल्लाको सिमाना खाँडादेवी गा.पा. खैरेनीघाटमा चेकप्वाईन्ट डियुटी



स.प्र.ना.उ स्वयम कोरोना रोकथाम तथा नियन्त्रण गर्न मोबाइल डिउटीमा खटिइ मन्थली बजार एरिया डिउटी अनुगमन तथा निरिक्षण गर्दै

नेपाल सरकार

गृह मन्त्रालय

### जिल्ला प्रशासन कार्यालय, रामेछाप

## संकट व्यवस्थापन केन्द्र, रामेछाप

## Crisis Management Center, Ramechhap

फोन नं. ०४८-५४०३३३, ५४०१३३, ५४०३७०, फ्याक्स नं. ०४८-५४०५०१, ५४००८८

Email: daoramechhap@gmail.com, Web: daoramechhap.moha.gov.np टोलफ्री नं. १६६०४५५४८८८